# Himali Rural Municipality
# Office of the Municipal Executive
### *Bajura, Sudoorpashcim Province, Nepal*

# Invitation for Bids

Date of publication: 16/02/2024 (Falgun 04, 2080)

1. The Himali Rural Municipality has allocated funds to cover eligible payment under the Contract for under table works. Bidding is open to all eligible Nepalese Bidders under National Competitive Bidding Procedures specified in public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Himali Rural Municipality, Nepal or may visit PPMO website: www.bolpatra.gov.np
3. Bidders should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.np. Bidders, should submit their bid electronically only, and should deposit the cost of non-refundable amount of NRs. 3000 for bid in the following details:
   **Information to deposit the cost of bidding document in Bank:3000**
   Name of the Bank:Sanima Bank, Dhulachaur, Bajura Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura, Office Account no.: 074010040000007
   **Information of deposit bid securityNrs. 2,65,000**
   Name of the Bank:Sanima Bank, Dhulachaur, Bajura Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura, Office Account no.: 074010020000009
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 17/03/2024 .Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 17/03/2024. at the office of Himali Rural Municipality, Bajura. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security. Which bid security shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. All other issued shall be considered as per Public Procurement Act 2063 including latest amendment & Public Procurement Regulation 2064.
9. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.

| Contract ID No. | Description Of Work | Estimated Amount NRs. (Exclusive VAT) | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| HRM/NCB/ BUILDING / 10/080/081 | Dhulachaur Health Post Isolation Birthing Center Building Construction Work. | 29,37,982.67 | 90000 | 3,000 |

Chief Administrative Officer

# कर्णालीका खेलाडीहरुलाई कर्णाली झल्किने पोसाक

• नमस्ते समचारदाता
मुर्खेत, फागुन/०४




कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले कर्णालीका खेलाडीहरुको लागि कर्णालीको पहिचान झल्किने आफ्नो छुट्टै पोसाक बनाएको छ । पोसाकमा कर्णालीका बिभिन्न पर्यटकीय स्थल,कर्णालीमा पाइने दुर्लब बन्यजन्तु,हिमाली भेगमा पाइने बहुमुल्य जडिबुटीको आकृति राखिएको छ । कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले बोर्ड बैठकबाट कर्णालीको पहिचान झल्किने पोसाक बनाउने निर्णय गरे बमोजिम कर्णालीका खेलाडीहरुको लागि गेम पोसाक र मार्चपास पोसाक बनाएको कर्णाली प्रदेश खेलकुद विकास परिषदका सदस्य सचिव बिश्वामित्र संज्याल बताए । सदस्य सचिव संज्यालका अनुसार गेम पोसाक रातो र निलो गरी दुई रङ्गमा छ भने मार्च पास पोसक एउटा रङ्गमा रहेको छ । गेम पोसाक र मार्चपास पोसाक महिला र पुरुष दुबै खेलाडीहरुले लगाउन मिल्ने छ । पोसाक कर्णालीमा उत्पादन भएको कपडाको टोपि, सुटमा कर्णाली झल्किने चिन्ह राखिएको छ । पार्च पास पोसाकमा नेपालको झण्डा, कर्णाली प्रदेश खेलकुद विकास परिषदको लोगो राखिएको छ भने गेम पोसाकमा कर्णाली नदि,कर्णालीमा पाईने यार्सा, हिमाल, पञ्चदेवल, रारा, काँक्रेविहार मन्दिर, कर्णालीको हिमाली भेगमा पाइने दुर्लब बन्यजन्तु याक राखिएको छ । गेम पोसाकमा समेटिएको रातो रङ्ग, नेपालको झण्डा र निलो रङ्ग रारा, कर्णाली बोर्डरसँग मिल्ने भएकाले दुई रङ्ग छानिएको कर्णाली प्रदेश खेलकुद विकास परिषदका सदस्य सचिव बिश्वामित्र संज्यालले भनाइ छ । सदस्य सचिव संज्यालका अनुसार मार्च पास पोसाक भने कर्णालीको उत्पादनसँग मिल्दो हुनु पर्ने छ । यो पोसाकलाई कर्णाली प्रदेश खेलकुद बिकास परिषदले कानुनी रुपमा नै राष्ट्रिय खेलकुद परिषदमा दर्ता गर्ने छ । दर्ता पश्चात अन्य प्रदेशले कर्णालीको रङ्गमा कुनै पनि पोसाक बनाउन पाउने छैन यदि बनाएमा यसको कपि राइट लाग्ने छ । कर्णाली प्रदेश खेलकुद विकास परिषदले केहि समय अघि सार्वजनिक सूचना आह्वान गरेर नै गेम पोसाक र मार्चपास पोसाकको डिजाइन मागेको थियो ।

# कञ्चनपुरमा पक्राउ परेका दुई जना पत्रकार थुनामुक्त

• नमस्ते समचारदाता
कञ्चनपुर, फागुन/०४





कञ्चनपुरमा पक्राउ परेका दुई जना पत्रकार थुनामुक्त भएका छन् । विद्युतीय अपराधसम्बन्धी मुद्दामा कञ्चनपुर प्रहरीले माउन्टेन टेलिभिजनमा कार्यरत पुष्कर भट्ट र आभाष कुञ्ज दैनिकमा कार्यरत ऐश्वर्या कुँवरलाई शनिबार पक्राउ गरेको थियो । दुबै जनालाई अनुसन्धानका क्रममा बोलाएका बेला हाजिर हुने गरी प्रहरीले हिजो (बुधबार) राति थुनामुक्त गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक हर्षबहादुर चन्दले दुबै जनालाई अनुसन्धानका क्रममा बोलाएका बेला हाजिर हुने गरी आफन्तको जिम्मा लगाइएको जानकारी दिए । 'उहाँहरुलाई अनुसन्धानका क्रममा बोलाएका बखत हाजिर हुने गरी अनुसन्धान अधिकृतले आफन्तको जिम्मा लगाउनुभएको हो,' प्रहरी निरीक्षक चन्दले भने । पत्रकार भट्ट र कुँवरलाई जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले सामाजिक सञ्जालमा जथाभावी लेखेर चरित्र हत्या गरेको भन्दै शनिबार पक्राउ गरेको थियो । आइतबार जिल्ला अदालतले उनीहरुलाई ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो । यो बीचमा प्रहरीले यसै मुद्दामा अन्य चार जनालाई समेत पक्राउ गरेको थियो । उनीहरुलाई समेत हाजिर जमानीमा छोडिएको प्रहरीले जानकारी दिएको छ ।

## बाजुरामा...

गाउँमा गर्भवतीको स्वास्थ्य जाँच गर्न जाँदा जात लुकाए मात्र बास बस्न पाउने उनी बताउँछिन् । खप्तडछेडेदह गाउँपालिका १ मा काँडा गाउँमा जादा खान र बस्न समस्या भएपछि जात ढाँटेको दिपमालाले बताइन् । 'दलित हुँ भनेपछि बास बस्न समस्या हुने, बाध्य भएर जात लुकाउने गरेको छु', उनले भनिन् । नेपालको संविधानको मौलिक हकमा कुनै पनि व्यक्तिलाई उसको उत्पत्ति, जातजाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था आदिको आधारमा निजी र सार्वजनिक स्थानमा छुवाछुत वा भेदभाव गर्न नपाइने उल्लेख छ। जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय ) ऐन २०६८ ले जातीय भेदभाव तथा छुवाछुत गर्नेलाई ३ महिनादेखि ३ वर्षसम्म कैद वा एक हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था छ । तर बाजुरा जिललामा भने नागरिकलाई सेवा दिन घरघर हिँड्नुपर्ने स्वास्थ्यकर्मी नै छुवाछुतबाट पीडित बनेका छन् । जिललामा जातीय विभेद र छुवाछुतका घटना कानुनको दायरामा आउन सकेका छैनन् । यस्ता विभेदका घटना सार्वजनिक नै हुँदैनन् र भए पनि गाउँमै मिलेमतो हुने गरेको छ।

## बाँकेमा...

पुनर्स्थापना केन्द्रमा सरसफाई, पुस्तकालय सुविधा, गुणस्तरीय चिकित्सकिय सुविधा र सुरक्षा जस्ता विषयहरुमा अझ बढी संवेदनशिल भई जिम्मेवार र जवाफदेही बन्न प्रशासनले निर्देशन दिएको उनले बताए। लागू औषध प्रयोगकर्ताको संख्या अन्य जिल्लाको तुलनामा बढी भएकै कारण उपचार तथा पुर्नस्थापना केन्द्रको संख्या पनि बढी नै रहेको छ। जिल्लामा २२ वटा उपचार केन्द्र दर्ता भएको पाइए पनि सेवा सञ्चालन भने २० वटाले मात्र गरिरहेका छन् ।

**Himali Rural Municipality**
**Office of the Municipal Executive**
*Bajura, Sudoorpashcim Province, Nepal*

## Invitation for Bids

Date of publication: 16/02/2024 (Falgun 04, 2080)

1. The Himali Rural Municipality has allocated funds to cover eligible payment under the Contract for under table works. Bidding is open to all eligible Nepalese Bidders under National Competitive Bidding Procedures specified in public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Himali Rural Municipality, Nepal or may visit PPMO website: www.bolpatra.gov.np
3. Bidders should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.np. Bidders, should submit their bid electronically only, and should deposit the cost of non-refundable amount of NRs. 3000 for bid in the following details:
   **Information to deposit the cost of bidding document in Bank:3000**
   Name of the Bank:Sanima Bank, Dhulachaur, Bajura Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura, Office Account no.: 074010040000007
   **Information of deposit bid securityNrs. 2,65,000**
   Name of the Bank:Sanima Bank, Dhulachaur, Bajura Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura, Office Account no.: 074010020000009
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 17/03/2024 .Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 17/03/2024. at the office of Himali Rural Municipality, Bajura. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security. Which bid security shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. All other issued shall be considered as per Public Procurement Act 2063 including latest amendment & Public Procurement Regulation 2064.
9. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.

| Contract ID No. | Description Of Work | Estimated Amount NRs. (Exclusive VAT) | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| HRM/NCB/ BUILDING / 10/080/081 | Dhulachaur Health Post Isolation Birthing Center Building Construction Work. | 29,37,982.67 | 90000 | 3,000 |

Chief Administrative Officer

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

## बाइडेनको...

नयाँ अमेरिकी सीमा सुरक्षा उपायहरू लागू, नगरिकन विदेशी सहायता प्रदान गर्न सिनेटमा डेमोक्र्याटहरूले पहिले नै रिपब्लिकनहरूसँग मिलेर संयुक्त विधेयक तयार गर्ने सहकार्य गरिसकेका छन्।

उक्त विधेयक सिनेटमा अनुमोदनका लागि राखिएको थियो तर जोनसनले सदनमा यसलाई रोक्ने घोषणा गर्नुभएको छ।

यसले सिनेटलाई उक्त संस्करणलाई त्याग्न र मङ्गलबारको नयाँ विदेशी सहायता-मात्र विधेयकमा प्रवेश गराउन उत्प्रेरित गरेको थियो। यसलाई जोनसनले फेरि एक पटक अस्वीकार गर्नुभएको छ।

गत चुनावमा पराजित भए पनि रिपब्लिकन पार्टीमा प्रभुत्व जमाएका र अहिले चार वटा छुट्टाछुट्टै मुद्दामा ९१ वटा आपराधिक मुद्दा खेपिरहेका ट्रम्पले यो अवधिभरि नै कङ्ग्रेसको लगाम खिच्न सफल हुनुभएको छ। उहाँले युक्रेनलाई रुसविरुद्धको लडाईमा सहयोग गर्ने कुराको विरोध गर्दै आफू निर्वाचित भएमा एक दिनमै युद्धको वैकल्पिक समाधान गर्ने बताउँदै आउनुभएको छ। उहाँले सांसदहरूलाई अमेरिकी सीमा सुधारसम्बन्धी विधेयकलाई पारित नगर्न खुलेआम आह्वान गर्नुभएको छ। बाइडेनले ट्रम्पले सीमा विवादलाई राजनीतिक प्रहारका रूपमा प्रयोग गरेको आरोप लगाउनुभएको छ।

## मुस्लिम...

कस्तो मन्दिर ?

यो मन्दिर संयुक्त अरब इमिरेट्समा २७ एकड जमिनमा बनेको छ। यूएईमा भएका सात अमिरातलाई सङ्केत गर्न मन्दिरमा सातवटा शिखर बनाइएको छ। मन्दिर निर्माणका लागि यूएईका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानले जग्गा उपलब्ध गराएका हुन्। प्रधानमन्त्री मोदीले यूएईमा उद्घाटन गर्न लागेको मन्दिरका मूलपुजारी ब्रह्मविहारीदास स्वामीले दुई देशबीचको सम्बन्ध यसअघि कहिल्यै अहिलेको जस्तो बलियो नभएको बीबीसी हिन्दीलाई बताएका छन्।

मन्दिरको उद्घाटन विधिवत् रूपमा गर्न भारतबाट सात पुजारी आबुधाबी गएका थिए। बुट्टा र विभिन्न सङ्केत कुँदिएका ३०,००० वटा पत्थर प्रयोग गरी मन्दिर बनाइएको छ। ती बुट्टा राजस्थानका झन्डै २५,००० कलाकारले बनाएको बीबीसी हिन्दीले जनाएको छ।

विभिन्न धर्मग्रन्थमा वर्णित कथा प्रतिबिम्बित हुने गरी पत्थरमा हात्ती, गाई र मयूरजस्ता जीवका आकृति बनाइएको छ। तिनमा मृग, ऊँट र बाघजस्ता अन्य जीवका आकृति पनि छ। हिन्दूहरूले पवित्र मान्ने नदी गङ्गा, यमुना र सरस्वतीका प्रतीकका रूपमा मन्दिर परिसरमा तीनवटा पोखरी पनि छन्।

उक्त मन्दिरमा यो साता वैश्विक शान्तिका लागि यज्ञसहित विभिन्न धार्मिक गतिविधि गरिएको स्वामीनारायण संस्थाले जनाएको छ।

पहिलेका मन्दिर

कतिपयले यूएईको उक्त मन्दिरलाई "अरब विश्वको पहिलो हिन्दू मन्दिर" भनेर पनि प्रचार गरेका छन्। तर यूएईमा पहिलादेखि नै अरू मन्दिर छन्।

मन्दिरको उद्घाटन गर्न प्रधानमन्त्री मोदी आबुधाबी पुगेका बेला दुबईस्थित कार्यरत भारतीय नागरिक श्याम कुमारले बीबीसी हिन्दीसँग भने, "यूएईको पहिलो मन्दिर आबुधाबीमा बनेको होइन। दुबईमा पहिले नै दुईवटा मन्दिर थिए।" उनी बिहारको औरङ्गाबादका हुन् र दुबईमा एउटा कम्पनीमा प्रबन्धक छन्। उनका अनुसार दुवै मन्दिर दुबई थिए तर तिनको आकार मन्दिरको जस्तो थिएन।

सन् २०२२ मा कृष्ण मन्दिर दुबईको जेबेल अलीमा सारिएको थियो। जेबेल अलीमा एउटा चर्च र गुरुद्वारा पनि छन्। त्यहाँ मन्दिरभित्रै गुरुद्वारा छ।

यद्यपि उनी आबुधाबीको मन्दिर विशाल र भव्य भएकाले त्यसको विशेष अर्थ रहेको बताउँछन्। उक्त मन्दिर स्वामीनारायण सम्प्रदायको हो। उनले दिएको जानकारीअनुसार बाहरेन र ओमनमा पनि हिन्दू मन्दिरहरू छन्।

त्यस्तै दुबईमा ठूलो संख्यामा जैन धर्मावलम्बी पनि छन्। उनीहरूले आफ्नो घरको भुईंतलामा मन्दिर बनाएका छन्।

## मुलुकको...

हाम्रो शानलाई रोकेको छ। जुन क्षेत्र हो त्यो क्षेत्रको विज्ञ मान्छेलाई अवसर दिने, मन्त्रालयका सचिव पनि विषयगत राख्न सकिए परिणाम भिन्न हुन्छ। अमेरिकी राष्ट्रपतिको जस्तै पाँच वर्षसम्म मन्त्री, उच्चपदस्थ कर्मचारीको सेट बनाएर रातदिन काम गर्न सकिन्छ र त्यसले छोटो अवधिमै देशको विकास गर्न सक्छ।

अहिले हामी एक किसिमको संसदीय अभ्यासमा छौं। तर चुनावमा यति धेरै विकृति किन पैदा भयो ? चुनाव जितेपछि सबै मान्छेको सपना भनेको मन्त्री बन्ने छ। ठूलो रकम खर्चेर चुनाव जितेपछि मन्त्री बन्न होडबाजी हुने नै भयो। यसकारण पनि चुनाव महँगो भयो। सांसदको भूमिका भनेको त संविधान निर्माण, संशोधन वा कानुन निर्माण गर्ने, राष्ट्रियतामाथि कुनै आँच आउने काम भए त्यसको खबरदारी गर्ने, जनसरोकारका विषयमा काम भएको छ वा छैन, सरकारले प्रभावकारी काम गरेका छ वा छैन यसको निगरानी गर्ने, नियमन गर्ने हो।

अहिले संसदले आफ्नो तोकिएको भूमिका सफलतापूर्वक निर्वाह गर्न सकिरहेको छैन। विडम्बना नै भन्नुपर्छ, संसद् चलेको बेला कुर्सीहरू सबै खाली देखिन्छन्। आफ्नो दायित्व के हो ? महत्व के हो ? भूमिका के हो ? भन्ने सांसदले बुझ्न सकेनन् भने यसबाट परिणाम आउन सक्दैन। सरकारको कुरामात्रै होइन, संसदले पनि परिणाम निकाल्न सकेन।

झण्डै सात वर्ष हुन लाग्यो, संसद्ले संविधानले परिकल्पना गरेबमोजिमका धेरैवटा सङ्घीय कानुन बनाउन सकेको छैन। संसद्को लागि त्यत्रो पैसा खर्च भएको छ। हामीले हाम्रो भूमिका निर्वाह गर्न सकिरहेका छैनौं। यसैले यस्ता प्रकारका तमाम समस्या आउनु भनेकै संविधानमा रहेका त्रुटि वा कमी हुन्। यसलाई अविलम्ब संशोधन गरेर समस्याको हल खोज्नुपर्छ।

मिनी संसद्को रूपमा रहेका संसदीय समितिका बैठकहरू पनि कोरम नपुगेर, बहुमत नपुगेर टुङ्गिएका छन्। समितिलाई पनि काम गर्ने जुन अख्तियारी दिइएको छ त्यो अख्तियारी पूरा गर्ने मामलामा पनि समस्या छ। हस्तक्षेपकारी भूमिका छैन, निरीहजस्तो देखिएको छ। हामीले भनेको कहाँ मान्छन् वा कहाँ सुन्छन् भन्ने अभिव्यक्ति सुनिन्छ, यसले समिति नै कमजोर भएको देखाउँछ। कमजोर समितिले केही काम गर्न सक्दैन। शक्तिशाली भूमिका निर्वाह गर्ने कुरामा समितिको कहीँ न कहीँ समस्या देख्छु।

म कालिकोट जिल्लाबाट निर्वाचित भएको हुँ। कालिकोट जिल्ला मानव विकासको सूचकाङ्कमा कमजोरमा एक नम्बरमा आउँछ। भौतिक पूर्वाधारका हिसाबले पनि कालिकोट पछि परेको छ। कालिकोट चट्टान नै चट्टान भएको जिल्ला हो। त्यहाँ सडक बनाउन पनि विस्फोटक पदार्थले चट्टान फुटाउनुपर्छ। त्यसैले यहाँ सडकको अभाव छ। बल्ल एउटा करिडोरको काम गर्‍यौं। त्यसबाहेक अहिले जनतालाई आफ्नो घरसम्म पुग्ने अर्को बाटो छैन।

जिल्लामा राष्ट्रिय विद्युत् प्रसारणको लाइन त पुग्यो तर सीमित पालिकामा मात्रै पुगेको छ। यहाँ कछुवाको गतिमा काम भइरहेको छ। स्वास्थ्योपचारको सेवा पनि यहाँ सहजै प्राप्त गर्ने अवस्था छैन। एउटा पालिकामा विशेषज्ञसहितको एउटा अस्पताल बनाउन आवश्यक छ। किनभने अहिले कोही बिरामी भए बोकेर ल्याउनुपर्ने अवस्था छ। सरकारको नीति नै एक पालिकामा १५ शय्याको अस्पताल बनाउने रहेको छ। तर यो कार्यान्वयन हुनसकेको छैन, नारामा मात्रै सीमित भएको छ। त्यस्तै शिक्षाको समस्या पनि छ, टिनका टहरामा विद्यालय छन्।

पूर्वाधार विकासको समस्यासँगै जिल्लाको सबैभन्दा ठूलो समस्या गरिबी हो। कालिकोटमा भएका स्रोतसाधनको उपयोगका लागि राज्यले नै लगानी गर्नुपर्ने आवश्यकता छ। जस्तै भेडापालन र बाख्रापालन गरेर आम्दानी बढाउन सकिन्छ। खानीका कुरा छन्। जलविद्युत् उत्पादनको सम्भावना व्यापक छ। गरिबीको अन्त्य कसरी गर्ने ? गरिबी कसरी घटाउने ? भन्ने विषयमा सोच्न जरुरी छ। कालिकोट खासगरी दलित समुदायको बाहुल्य भएको जिल्ला पनि हो। तथ्याङ्कले देखाएका छन्, उनीहरू नै बढी पीडित भइरहेका छन्। दलित समुदायका पक्षमा फरक कार्यक्रम र प्याकेज लिएर उनीहरूको जीवनस्तर सुधारमा ध्यान दिन जरुरी छ भन्ने लाग्छ। म आफैं मुख्यमन्त्री हुँदा केही लगानी गरियो, अहिले दलित आयआर्जन कार्यक्रम, महिला आयआर्जन कार्यक्रम भनेर सबै पालिकामा लगिएको छ। तर यसका लागि बजेट न्यून छ। एउटा पालिकामा रु २५ लाखभन्दा बढी छैन। यस्तै प्रकारको लगानी सङ्घीय सरकार र प्रदेश सरकारबाट भयो भने गरिबी न्यूनीकरण गर्न मद्दत पुग्नेछ। एक घर एक धाराको नीति पनि छ। खानेपानी, सिँचाइलगायतका तमाम समस्या छन्। केही पालिका र केही वडामा एक घर एक धाराको काम भएको छ तर सबै ठाउँमा भएको छैन।

नेपालले केही वर्षदेखि खुला बजार अर्थनीति अँगालेको छ। विगतमा चीन, भारतसमेतका मित्रराष्ट्रले नेपालमा उद्योग, कलकारखाना स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोग गरेका थिए। तर ती सबैजसो उद्योग अहिले बन्द छन्। ती उद्योग सञ्चालन भएको भए केही मानिसले त रोजगारी पाउँथे। केही साना उद्योग छन् तर रोजगारीका अवसर पाइँदैन। उद्योग सञ्चालनका लागि राज्यले सहयोग गर्नुको विकल्प छैन।

राज्यले स्वदेशमा उत्पादन भएका वस्तुको प्रयोग बढाउने नीति पनि लिनुपर्छ। आम नागरिकलाई बाध्यकारी छैन भन्न सकूँला तर नेपाली सेना र प्रहरीलाई त नेपालमै उत्पादित कपडा प्रयोग गर भन्न सकिन्छ। प्रधानमन्त्री, मन्त्री, सांसदले विदेशी उत्पादन प्रयोग नगर्ने नीति बनाउन सकिन्छ। यसले स्वदेशमा उत्पादन भएको वस्तुको बजार विस्तार हुन्छ। कर्णाली क्षेत्रमा अदुवाको खेती हुन्छ। निजी क्षेत्रले युरोप पुर्‍याउँछ। अब नेपालमा राज्यले लगानीमैत्री वातावरण बनाएर निजी क्षेत्रलाई यसमा आकर्षित गर्नुपर्छ। लगानी गर्ने उद्योगी वा व्यवसायीलाई सुविधा दिनुपर्छ। जस्तै, दश वर्ष कर शुल्क नलिने। कर लिनेभन्दा रोजगारी दिने कुरा ठूलो हो। राज्यले त्यस्ता उद्योगलाई रोजगारी दिने शर्त राख्नुपर्छ।

सरकार भनेको नागरिकको अभिभावक हो। त्यसो भएको हुनाले रोजगारी सिर्जना गर्ने योजना बनाउनुपर्छ। जस्तै कृषिको कुरा गर्ने हो भने अहिले तोरी मिलमा विदेशी तोरी आएको छ। त्यसमा नेपालकै तोरी, गहुँ, चामल वा अन्य वस्तु भए के हुन्छ ? यसबाहेक पर्यटनका कुरा छन्, जडीबुटीका कुरा छन्, खानीका कुरा छन्। सस्तो लोकप्रियताका लागि बजेट कनिका छरेजस्तो छर्ने, कार्यकर्ता पाल्ने काम हुनु भएन। केही मान्छे अध्ययनका लागि पनि गएका छन् विदेश तर अधिकांश मानिस विद्यार्थी भिसामा मजदुरीका लागि गएका छन्। पढ्न गएकाहरू त्यहाँ काम गर्न बाध्य छन्।

सांसद महेन्द्रबहादुर शाहीको परिचय

कालिकोट जिल्ला निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद महेन्द्रबहादुर शाही यसअघि कर्णाली प्रदेशको मुख्यमन्त्री पनि हुनुभएको थियो। नेकपा (माओवादी केन्द्र)का नेतासमेत रहनुभएका सांसद शाही २०७० सालको आमनिर्वाचनमा प्रतिनिधिसभामा तथा २०७४ सालको निर्वाचनमा कर्णाली प्रदेशसभामा निर्वाचित हुनुभएको थियो। शाही २०७० सालको निर्वाचनमा विजयी भएपछि केही समय उहाँले ऊर्जा मन्त्रालयको कार्यभार सम्हाल्नुभएको थियो। (सांसदसँग रासस संवादका लागि सांसद महेन्द्रबहादुर शाहीसँग राससका नेपालगञ्जस्थित कार्यालयमा कार्यरत समाचारदाता युवराज पाण्डेले गर्नुभएको कुराकानीको सम्पादित अंश)

## हिन्दुराज्य...

अवस्था छ। भारतले अलिकति त्यसतर्फको इसारा मात्रै दिँदा यहाँ त्यो परिवर्तन हुन समय लाग्दैन। यसमा चीन मौन मात्रै बसे पुग्छ। नेपालमा हिन्दुराज्य र राजसंस्था आउँदा उसैपनि भारत चीन दुवै देशको आन्तरिक सुरक्षा चुनौती कम हुन्छ। स्लामिक अतिवादी र पश्चिमाहरूले खेल्ने मैदान साँघुरिन जान्छ। यो छिमेकीहरूको लागि राम्रो अवसर हो। यसैले भारतले नै जन्माएको पालेको नेपाली काँग्रेस, बेलाबेलामा पाले पोसेको एमाले र ज्वाइँ पाले झैं पालेको हुर्काएको हतियार दिएर नेपाली मार्न लगाएको माओवादी मार्फत नै नेपालमा उसले चाहेको शासन गरिरहेको छ भने परिवर्तन पनि गराउन सक्छ।

२०४७ सालमा चावसीबारिमा आएर चन्द्रशेखरले शुरु गरेको आन्दोलन नेपाल र नेपालीको हितमा थिएन भन्ने प्रष्ट भैसकेको छ। तत्कालिन भारतीय स्वार्थमा भारतले नै पालेका काँग्रेसी र नेपालमा अराजकता मच्चाएर रातारात भारतमा भाग्ने कम्यूनिष्टहरूलाई उचालेर नेपालमा २०४६ सालको आन्दोलन गराउने भारतले २०६२ सालमा पनि दिल्लीमा आफ्ना खेतालाहरू बोलाएर १२ बुँदे गरायो र यसैगरि आन्दोलन उचाल्यो र नेपालमा आजसम्म बेथितिको पराकाष्ठा सृजना गरेको छ। अहिले भारत आफ्नो सक्षमता बढाएर पुरानो "इयामेज कन्ट्रोल" मा लागेकोले भारतले नै अब नेपालमा गणतन्त्रको इतिश्री गराएर राजा वा राजा बीनाको हिन्दुराष्ट्र कुनै पनि बनाउन सक्ने सम्भावना बढेको छ। उसले यसको लागि नेपालका आफ्ना भरियाहरू नै प्रयोग गर्नसक्छ वा कुनै किसिमको अर्को नयाँ अराजकता निर्माण गर्नसक्छ। यसको शुरुआत पनि यी तीनै पार्टीहरूमा भै सकेको छ। अरू कुनै समूह उफ्रेका भरमा मात्रै राजसंस्था वा हिन्दुराष्ट्र त बन्दैन तर प्रचण्डको सम्पूर्ण जन्मकुण्डली र कालाकर्तुतको प्रमाण बोकेर बसेको भारतले प्रचण्डलाई नै प्रयोग गर्नसक्छ। प्रचण्डको कमाउ धन्दा, आफन्तलाई पोसेर ऐयासी जीवनशैलीको स्रोत भ्रष्टाचार नै हो भन्ने नलुकेको अवस्था, मानवअधिकारको हनन, द्वन्द्वमा बालसैनिक प्रयोग गरेको अपराधमा मौन बस्ने, प्रचण्ड स्वयं र उनका सन्ततीको भावी सुरक्षाको भरोसा दिए प्रचण्ड कै पहलमा नेपालमा हिन्दुराष्ट्र कायम गरेर जाने सम्भावना पनि रहेको छ। यसो गरेर भारतले एक तीरले तीन शिकार गरेमा कुनै अन्यथा नमाने हुन्छ। तर त्यो हिन्दुराज्य हुन्छ कि हिन्दुराष्ट्र अहिले नै भन्नु भने अलि हतारो हुनसक्छ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रिको सूचना

पहिलो पटक पन्ध्र दिने सुचना प्रकाशन मिति २०८०/११/०४

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २७०१ मिति २०८०/१/१५ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत नभई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २२०३ मिति २०८०/११/०३ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको धाटगद्दीमा रहेका असना र कर्मा जातका गोलिया थान १२ को १४७.७१ घ.फि. काठ, साल दाउरा ०.५० चट्टा र अन्य जातको दाउरा १.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका स.मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएकोले मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र खरिद गर्न गरि १६औं दिन दिनको २.३० बजे भित्र दाखिला गर्नुहुन यो सुचना आव्हान गरिन्छ । यस सम्वन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

### श्री सदावहार सामुदायिक वन उपभोक्ता समूह

राप्ती सोनारी-६, जोरैया, बाँके

# Invitation for Bids

## Himali Rural Municipality

*Office Of Municipal Executive*

*Dhulachaur, Bajura*

**First Date of publication: 16 Feb 2024 (Falgun 04 2080)**

1. ***Himali Rural Municipality Office of Municipal Executive Dhulachaur Bajura allocated Budget*** towards the cost of ***Agricultural Ambulance Purchasing Work*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for ID:* HRM/NCB/GOODS/01/080/081** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Himali Rural Municipality*** invites sealed bids or electronic bids from eligible bidders for the construction of ***Agricultural Ambulance Work*** under National Competitive Bidding procedures. Bidders shall have option of submitting their bids electronically only.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Himali Rural Municipality Office Of Municipal Executive Dhulachaur, Bajura Email ito.himalirulmun@gmail.com*** or may visit PPMO'S e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be obtained from PPMO'S e-GP. System www.bolpatra.gov.np/egp., Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy[ pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bid .

   **Information to deposit the cost of bidding document in Bank: Nrs 3000**
   Name of the Bank: Sanima Bank Limited Himali Branch Bajura
   Name of Office : Dhulachaur, Bajura
   Office Code no. : **801076909** Office Account no.: 074010040000007
   Rajaswa (revenue) Shirshak no. : **14229**
   **Information of deposit bid securityNrs. 80,000**
   Name of the Bank:Sanima Bank, Dhulachaur, Bajura Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura, Office Account no.: 074010020000009
5. Pre-bid meeting shall not be held.
6. Sealed or electronic bids must be submitted to the office PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 noon March 17, 2024*** **.** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***March 17, 2024 at 14:00*** at the office of ***Himali Rural Municipality Dhulachaur, Bajura*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid .
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Summary of contracts is given below:-

| SN | Contract ID No | Project Name | Estimated Amount(With VAT) NRS: | Bid Document Fee, NRs | Bid Security, NRs |
|---|---|---|---|---|---|
| | HRM/NCB/GOODS/01/080/081 | *Agricultural Ambulance Purchasing Work* | 31,75,000 | 3,000 | 80000 |

## कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८०/११/०४ गतेको दैनिक नेपालगन्ज राष्ट्रिय दैनिक पत्रिका**

तपसिलमा उल्लेखित तपाई ऋणीले यस आईएमई को-अपरेटिभ सर्भिस लिमिटेडको सेवाकेन्द्र कार्यालय नेपालगंज, बाँके मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, विलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित पत्राचार, एसएमएस तथा फोन मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सुचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०७९ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सुचना केन्द्रको कालो सूचिमा सूचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

**१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : चन्द्र बहादुर रोकाय**
बाबु : रुद्रे रोकाया
बाजे : अमृत रोकाया
ना.प्र.नं. : ६६१०४४-१३६१
जारी मिति : २०६८/०४/१२ (बाँके)
ठेगाना : बाँके जिल्ला बनकट्टा गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ०६ ठेगाना भएका ।



**व्यक्तिगत जमानिकर्ता : यामुना बुढा**
पति : चन्द्र बहादुर रोकाय
ससुरा : रुद्रे रोकाया
ना.प्र.नं. : ६४१०४१/५२३
जारी मिति : २०६८/०९/२१ (सुर्खेत)
ठेगाना : सुर्खेत जिल्ला आग्रीगाउँ गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ०६ ठेगाना भएकी ।



**व्यक्तिगत जमानिकर्ता : निर्मल कुमार खत्री**
बाबु : लोक बहादुर खत्री
बाजे : माटी खत्री
ना.प्र.नं. : ३२४८७
जारी मिति : २०५५/०३/१५ (सुर्खेत)
ठेगाना : सुर्खेत जिल्ला काफलकोट गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भएका ।



**धितोको विवरण**

❖ चन्द्र बहादुर रोकायको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला साविक बनकट्टा गा.वि.स वडा नं. ०९ सिट नं. ०३५०८८६ स्थित कित्ता नं. ७७२ को जम्मा क्षेत्रफल ६३१.१५ वर्ग मिटरको पुरा जग्गा र उक्त जग्गामा बनेको घर सहित सो घरजग्गाले पाउने सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : झलक कुमारी घर्ति**
पति : चन्द्र बहादुर राना
ससुरा : बल बहादुर राना
ना.प्र.नं. : १७५०२
जारी मिति : २०६१/१०/०७ (बाँके)
ठेगाना : बाँके जिल्ला बागेश्वरी गा.वि.स.वडा नं. ५ स्थायी ठेगाना भई हाल खजुरा गा.पा. वडा नं. ३ ठेगाना भएकी ।



**व्यक्तिगत धनजमानिकर्ता : चन्द्र बहादुर राना**
बाबु : बल बहादुर राना
बाजे : धन बहादु राना
ना.प्र.नं. : ६६१०४५/१४९
जारी मिति : २०६५/१०/१३ (बाँके)
ठेगाना : बाँके जिल्ला टिटिहिरिया गा.वि.स.वडा नं. ०५, स्थायी ठेगाना भई हाल खजुरा गा.पा. वडा नं. ३ ठेगाना भएका ।



**धितोको विवरण**

❖ झलक कुमारी घर्तीको नाममा मालपोत कार्यालय नेपालगंज बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला साविक बागेश्वरी गा.वि.स वडा नं. २ नक्सा सिट नं.०३५१२४६ स्थित कित्ता नं.१७२ को जम्मा क्षेत्रफल ३४०.०० वर्गमिटरको पुरा जग्गा र उक्त जग्गामा बनेको घर सहित सो घरजग्गाले पाउने सम्पूर्ण लिगलगापात समेत ।

नेपाल सरकार सहकारी विभाग सहकारी कार्यालय बाट सहकारी कारोबार इजाजत प्राप्त संस्था

**IME Co-operative Service Ltd.**
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj : 081-532708
Itahari : 025-586189
Saldobato : 01-5151169
Airport : 01-5903500
Pokhara : 061-541883
Narayanghad : 056-598664
Ghorahi : 082-561717
Newroad : 01-5351881
Lahan : 033-565184
Gongabu : 01-4964701
Butwal : 071-546595
Dhangadhi : 091-526581
Lainchaur : 01-4442050
Baglung : 068-524280



## गौरिका र एलेक्सको नयाँ कीर्तिमान

कतारको दोहामा जारी वर्ल्ड एक्वाटिक्स च्याम्पियनसिपमा गौरिका सिंह र एलेक्सजेन्डर शाहले नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन् । गौरिकाले ५० मिटर ब्याकस्ट्रोक र एलेक्सले १०० मिटर फ्रिस्टाइलमा कीर्तिमान बनाएका हुन् ।









# नेपालको खराब सुरुवात

अन्नपूर्ण | काठमाडौं

आईसीसी विश्वकप क्रिकेट लिग-२ को पहिलो खेलमा नेपालले खराब सुरुवात गरेको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा बिहीबार भएको खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको हो। नेपालले दिएको एक सय ३३ रनको सामान्य लक्ष्य नामिबियाले ३३.१ ओभरमा ६ विकेट गुमाएर भेट्टाएको थियो। नामिबियाका जान फ्राइलिङकले सर्वाधिक ३४ रन बनाए। यस्तै जान निकोल इटनले ३१, मिचेल भान लिन्गेनले २३, जेजे स्मिथले १७ र निकोलस डाभिनले १५ रन बनाए। नेपालका सोमपाल कामीले तीन विकेट लिए। यस्तै ललित राजवंशीले दुई र कप्तान रोहित पौडेलले एक विकेट हात पारे।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले खराब सुरुवात गर्दै ४१.१ ओभरमा एक सय ३२ रनमा समेटिएको थियो। सन् २०२० यता घरेलु मैदान कीर्तिपुरमा नेपालले बनाएको अहिलेसम्मकै कम योगफल हो। यसअघि सन् २०२० मै ओमान र सन् २०२२ मा संयुक्त अरब इमिरेट्स (युएई) विरुद्ध एक सय ७९ रनको योगफल खडा गरेको थियो।

कुनै पनि खेलाडी लामो समय क्रिजमा टिक्न नसक्दा नेपाल कम योगफलमा समेटिएको हो। नेपालका भीम सार्कीले सर्वाधिक ४४ रन बनाए। उनले ८५ बलमा एक छक्का र दुई चौका हिर्काए। यस्तै गुलसन झाले २१, करण केसीले १६, कुशल मल्लले १५ र पवन सर्राफले १२ रन बनाए। नामिबियाका गेरार्ड इरासमसले पाँच विकेट लिए। यस्तै रुबेन ट्रम्पेलमन र ज्याक ब्रसेलले दुई/दुई तथा जान निकोल इटनले एक विकेट हात पारे।

नामिबियासँगको हारसँगै नेपालले घरेलु मैदानमै महत्त्वपूर्ण दुई अंक गुमाएको छ। भारतीय प्रशिक्षक मोन्टी देसाइको आगमनपछि नेपालले घरेलु मैदानमा पहिलो हार बेहोरेको हो। एक वर्षअघि आईसीसी विश्वकप क्रिकेट लिग-२ को खेलका लागि मोन्टीले नेपालको नेतृत्व सम्हालेका थिए।

# नोर्बुलाई सातौं डान

अन्नपूर्ण | काठमाडौं

तेक्वान्दोका वरिष्ठ प्रशिक्षक तथा अन्तर्राष्ट्रिय निर्णायक नोर्बु लामाले विश्व तेक्वान्दो मुख्यालय कुकिवानबाट सातौं डानको प्रमाणपत्र लिएका छन्। करिब चार दशकदेखि तेक्वान्दोमा क्रियाशील नोर्बुलाई नेपाल तेक्वान्दो संघका महासचिव दीपराज गुरुङले कुकिवानले पठाएको सातौं डानको प्रमाणपत्र प्रदान गरेका छन्।

नोर्बुले सातौं डानको परीक्षा नेपालमै दिएका थिए। नेपाल तेक्वान्दो संघद्वारा लिइएको परीक्षा उत्तीर्ण गरेपछि मात्रै उनले कुकिवानबाट सातौं डान पाएका हुन्। तेक्वान्दो संघले लिएको सातौं डानको ग्रेडिङसँगै पुम्से र ग्योरोगीको तीन जटा भिडियो तथा थेसिस कुकिवानमा बुझाउनुपर्ने प्रावधान छ। कुकिवानले भिडियोको विश्लेषण र थेसिस अध्ययन गरेर नोर्बुलाई सातौं डानको प्रमाणपत्र दिएको हो।

काभ्रेको मादनकुडारीका नोर्बुले



२०४३ सालमा १३ वर्षको उमेरदेखि तेक्वान्दो खेल्न थालेका हुन्। राष्ट्रिय खेलकुद परिषद्का वरिष्ठ प्रशिक्षकसमेत रहेका उनले २०५० सालदेखि स्युचाटार तेक्वान्दो डोजाङ सञ्चालन गर्दै आएका छन्।

स्युचाटार डोजाङले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्दै आएको छ। उनी ग्योरोगी र पुम्से विधाका अन्तर्राष्ट्रिय रेफ्री हुन्। पुम्सेको भने उनी सेकेन्ड क्लास अन्तर्राष्ट्रिय रेफ्री हुन्। उनले सन् २०२० मा पुम्सेको सेकेन्ड क्लास अन्तर्राष्ट्रिय रेफ्री बनेका थिए। उनले विभिन्न मुलुकमा भएको अन्तर्राष्ट्रिय रेफ्री रिफ्रेसर कोर्समा सहभागिता जनाउनुका साथै अस्ट्रेलियालगायतका राष्ट्रमा भएका अन्तर्राष्ट्रिय प्रतियोगितामा अफिसियल रेफ्री जजको भूमिका निर्वाह गरिसकेका छन्।

# 'र्‍याप ब्याटल'को अडिसन सिक्किममा

अन्नपूर्ण | काठमाडौं

वुजिसा इन्टरनेसनलको आयोजना र राज्य मिडिया नेटवर्कको सह-आयोजनामा हुन लागेको र्‍याप गीतको रियालिटी शो 'र्‍याप ब्याटल नेपाल' को अडिसनको सुटिङका लागि प्राविधिकसहितको टोली भारतको सिक्किम प्रस्थान गरेको छ। टोली बिहीबार काठमाडौंबाट सिक्किमका लागि प्रस्थान गरेको हो। टोलीलाई राज्य मिडिया नेटवर्कका अध्यक्ष सरोज ओझाले बिदाइ गरेका थिए।

र्‍याप ब्याटल एपीवान टेलिभिजनमा अप्रिलबाट प्रसारणमा आउँदैछ। नेपाली सांगीतिक फाँटदेखि बलिउडका संगीतकर्मी शोमा निर्णायक रहने निर्देशक सानु खानले जानकारी दिए। इभेन्ट निर्देशक डेभिलसिंह राजपुतले युवासहित सबै किसिमका दर्शकलाई सांगीतिक माहोलमाझ रम्ने वातावरण शोले दिने बताए।

र्‍याप ब्याटलको अडिसन भारतको



सिक्किमसहित दार्जिलिङ र सिलिगुडीमा हुँदैछ। दार्जिलिङ र सिलगुडीको अडिसनपछि नेपालको झापा, इटहरी, जनकपुर, चितवन, पोखरा हुँदै काठमाडौंमा अडिसन हुनेछ।

सो अनुसार फेब्रुअरी १७ मा सिक्किमको रेमनी संगीत एकेडेमी, फेब्रुअरी १९ मा दार्जिलिङको होटल सुमा, फेब्रुअरी १९ मा सिलगुडीको कर्मा म्युजिक एकेडेमी, फागुन ११ गते झापा बिर्तामोडस्थित बिटिएम मन्त्र थकाली, फागुन १३ गते इटहरीको होटल गार्डेन इन, फागुन १५ गते जनकपुरको होटल राजदरबार नवरंग रिसोर्ट, फागुन १७ गते चितवनको भरतपुरस्थित चितवन गार्डेन रिसोर्ट, फागुन १९ मा पोखरा लेकसाइडस्थित क्लब सिक्लिटन र २१ एवम् २२ फागुनमा काठमाडौंमा हुँदैछ।

# कर्णालीको पोसाक राखेपमा दर्ता



सुर्खेत (अन्नपूर्ण) : कर्णालीले तयार पारेको खेल पोसाक राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा दर्ता भएको छ। कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले तयार गरेको पोसाक परिषद्मा दर्ता भएको हो।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव विश्वामित्र सन्न्यालले राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङको उपस्थितिमा खेल पोसाक दर्ता गराएका हुन्। राखेपमा दर्ता भएसँगै अब कर्णालीको पोसाकसँग मिल्दोजुल्दो रंग र आकृतिमा अरुले प्रयोग गर्न पाउने छैनन्। यो जर्सी र पोसाक अब कर्णालीका खेलाडीले देशभित्र आयोजना हुने सबै प्रकारका प्रतियोगितामा लगाउने छन्।

कर्णालीको पहिचान झल्किने गरी तयार भएको जर्सी र पोसाकमा अब कर्णालीका खेलाडीलाई देख्न सकिने छ। कर्णालीको खेल जर्सी रातो र निलो गरी दुई रंगको छ। यस्तै मार्चपासमा प्रयोग हुने पोसाक भने एउटा रंगको मात्र छ। खेलाडीको जर्सीमा नेपालको झन्डा, परिषद्को लोगो, नेपालकै सबैभन्दा लामो कर्णाली नदी, कर्णालीमा पाइने बहुमूल्य जडिबुटी यार्सागुम्बा, कर्णालीकै हिमाल, दैलेखको पञ्चदेवल, मुगुको रारताल, काँक्रेविहार र कर्णालीको हिमाली क्षेत्रमा पाइने याकको आकृति राखिएको छ।



## Invitation of Sealed quotation for Office Calendar

**Jyoti Bikash Bank Limited (JBBL)** invites sealed quotation from eligible Nepalese firms/institutions/companies for the printing of JBBL Calendar 2081 with specification as mentioned below:

| Specification | Wall Calendar | Table Calendar |
|---|---|---|
| No. of Pages | 8 Pages | 26 Pages |
| Quantity | 20,000 units | 3,000 units |
| Size | 12.0" X 18" | 5.5" X 8.5" |
| Paper Weight | 130 GSM | 250 GSM |
| Paper Type | Art Paper | |
| Color | Multi-Color | |
| Other Features | White wire "O" binding with Supporting cardboard strip | White wire "O" binding with Stand 28-ounce Kut |

The RFQ document can be purchased from bank's General Service Department at Head Office, Kamalpokhari, Kathmandu within office hours (09:30 AM till 5:30 PM) upon payment of non-refundable fee of NRs. 2,000.00 (NRs. Two Thousand Only) on or before 22nd February, 2024 in the Bank A/c mentioned below:

**Bank Name** : Jyoti Bikash Bank
**A/C Name** : Miscellaneous Income
**A/C Number** : 3730011000019

**Eligibility Criteria:**
- Interested applicant must have minimum average annual turnover of NPR 5 million in fiscal year 2079/80.
- Interested applicant must have minimum 3-year experience in related field.

**Documents Requirement:**
- Firm/ Company registration Certificate
- PAN/VAT registration Certificate
- Tax Clearance Certificate of F/Y 2079/80
- Audit report of F/Y 2079/80
- Experience/Appreciation/Reference Letter from banks/corporate/government sector
- All other documents and requirements as prescribed in RFQ document

**Other Information:**
- Sealed Quotation must be submitted to the General Service Department, Jyoti Bikash Bank Limited, Head Office, Kamalpokhari, Kathmandu indicating name of the contract, name of the applying firm/company and its address within office hours (09:30 AM till 5:30 PM) on or before 22nd February, 2024. Documents received after this deadline will not be accepted.
- If the last date of purchasing, submission and opening of quotation falls on a public holiday, it shall be extended to the next working day.
- Other terms and condition will be applicable as prescribed in RFQ document. RFQ opening details shall be informed to applicants through email.
- The Bank retains the discretion to fully or partially accept or reject any or all quotations without providing any reasons.

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था

Head Office :
Kamalpokhari - 01, Kathmandu, Nepal,
Phone No. 01-5970306-12
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## Himali Rural Municipality
## Office of the Municipal Executive
### Bajura, Sudoorpashcim Province, Nepal

## Invitation for Bids

**Date of publication: 16/02/2024 (Falgun 04, 2080)**

1. The Himali Rural Municipality has allocated funds to cover eligible payment under the Contract for under table works. Bidding is open to all eligible Nepalese Bidders under National Competitive Bidding Procedures specified in public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Himali Rural Municipality, Nepal or may visit PPMO website: www.bolpatra.gov.np
3. Bidders should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.np. Bidders, should submit their bid electronically only, and should deposit the cost of non-refundable amount of NRs. 3000 for bid in the following details:

**Information to deposit the cost of bidding document in Bank:3000**
Name of the Bank:Sanima Bank, Dhulachaur, Bajura,
Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura,
Office Account no.: 074010040000007

**Information of deposit bid security:NRS 135000**
Name of the Bank:Sanima Bank, Dhulachaur, Bajura,
Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura,
Office Account no.: 074010020000009
Pre-bid meeting shall not be held.

5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12.00 on 17/03/2024 .Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 17/03/2024, at the office of Himali Rural Municipality, Bajura. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security. Which bid security shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. All other issued shall be considered as per Public Procurement Act 2063 including latest amendment & Public Procurement Regulation 2064.
10. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.

| Contract ID No. | Description Of Work | Estimated Amount NRs. (Exclusive VAT) | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| HRM/IDS/ NCB/02/080/081 | Industrial State Building Construction Work | 46,12,185.76 | 135000 | 3,000 |

**Chief Administrative Officer**